# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचोक, मोरङ
कोशी प्रदेश, नेपाल

### सुन्दरहरैंचा नगरपालिकाको आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत जडिवुटी,जिवजन्तु र कवाडी कर संकलनका लागि ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना

( प्रथम पटक प्रकाशित मिति २०८२/०२/१४ गते)

यस नगरपालिकाले आ. व. २०८२/०८३ को लागि आन्तरिक आय ठेक्का मार्फत बन्दोबस्त गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को उपदफा २ (घ) बमोजिम यस कार्यालयको मिति २०८२/०२/१२ गतेको निर्णयानुसार जडिवुटी,जिवजन्तु र कवाडी कर असुली गर्ने कार्यका लागि विद्युतीय/HARD COPY को माध्यमबाट ठेक्का बन्दोबस्ती गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | ठेक्का नम्बर | ठेक्काको नाम | क्षेत्र | ठेक्का रकम (मू.अ.क. समेत) |
|---|---|---|---|---|
| १ | राजश्व ०२/०८२/८३ | जडिवुटी,जीवजन्तु र कवाडी कर संकलन गर्ने । | नगरपालिका क्षेत्र भित्र नगरपालिकाको स्वामित्वमा रहेका क्षेत्रबाट जडिवुटी,जीवजन्तु र कवाडी कर संकलन गर्ने । | रु. ३३,००,०००।०० अक्षेरुपी तेत्तीस लाख मात्र । |

**शर्तहरु:-**

१. बोलपत्र फारम दस्तुर रकम रु. ३०००/- अक्षेरुपी तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको आन्तरिक राजश्व खाता नम्बर ०६०१५०११४७६३०१४६ मा जम्मा गरी सोको सक्कलै भौचर वा नगरपालिकाको कार्यालयमा रहेको राजश्व शाखामा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

२. माथि उल्लेखित ठेक्कामा अशुल गर्ने शुल्कको दर सुन्दरहरैंचा नगरपालिकाले तोके अनुसार हुनेछ ।

३. ठेक्काको अवधि आ.व.०८२/८३ मा सम्झौता भएको मिति देखि २०८३ आषाढ मसान्त सम्म मात्र हुनेछ ।

४. विद्युतीय माध्यमबाट बोलपत्र फारम पेश गर्दा व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी र स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्रको फोटोकपी तथा बैंकिङ कसुरमा दोसी नरहेको स्वोघोषणा सहित बोलपत्र फारम भरी पेश गर्नु पर्ने तथा फर्म वा कम्पनी भए आन्तरिक राजश्व कार्यालयबाट प्राप्त भ्याट/पान दर्ता प्रमाण पत्र, फर्म दर्ता प्रमाणपत्र, तथा कानुनी रुपमा बैंकिङ कसुर तथा कालोसुचिमा नपरेको स्वघोषणा पत्रका साथ बोलपत्र फारम खरिद गरेको रकम खुल्ने भौचर, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रका साथ कबोल अंकको ५ प्रतिशतले नघट्ने गरी धरौटी रकम यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको धरौटी खाता नम्बर ०६०१५०११४७६३००३० मा जम्मा गरी सोको सक्कलै बैंक भौचर वा सुन्दरहरैचा नगरपालिकाको नाममा जारी गरिएको १२० कार्यदिन मान्यवधी भएको मान्यता प्राप्त बैंकको बैंक जमानत समेत को सक्कलै कागजात/भौचर www.bolpatra.gov.np/egp. मा अपलोड गर्नु पर्नेछ ।

५. विद्युतीय माध्यमबाटं वोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०३/१३ गते दिनको १२.०० बजे ।

६. बोलपत्र खोल्ने मिति:२०८२/०३/१३ गते दिनको १.०० बजे ।

७. स्थानः सुन्दरहरैंचा नगरपालिकाको कार्यालय, विराटचोक मोरङ ।

८. HARD COPY को माध्यमबाट बोलपत्र कागजात खरिद गर्ने अन्तिम मिति, समय र स्थानः

९. मितिः २०८२/०३/१२ गते ।

१०. समयः दिनको ५.०० बजे । (कार्यालय समय भित्र) ।

११. स्थानः सुन्दरहरैंचा नगरपालिकाको कार्यालय विराटचोक, मोरङ ।

१२. HARD COPY को माध्यमबाट बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थानः

१३. मितिः २०८२/०३/१३ गते ।

१४. समयः दिनको १२.०० बजे ।

१५. वोलपत्र खोलिने मितिः २०८२/०३/१३ गते दिनको १.०० बजे ।

१६. स्थानः सुन्दरहरैंचा नगरपालिकाको कार्यालय विराटचोक, मोरङ ।

१७. बोलपत्र पेश गर्दा यसै सूचनाको बुँदा नं. ४ मा उल्लेख भएका कागजातहरु सहित पेश गर्नुपर्नेछ ।

१८. यदी बोलपत्रमा कुनैपनी प्रकारको संसोधन गर्नुपरेमा सुन्दरहरैंचा नगरपालिकाको वेवसाईड www.sundarharaichamun.gov.np र www.bolpatra.gov.np/egp. मा सूचना जारी गरिनेछ ।

१९. बोलपत्र खोल्दा बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाताहरु/प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुल्ला भएको दिन १:०० बजे बोलपत्र खोलिने छ।

२०. कबोल रकम अंक र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ । बोलपत्र फारममा उल्लेखित कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

२१. ठेक्का कबोल रकम सम्झौता अगावै एकमुष्ठ बुझाएमा भ्याट बाहेकको कबोल अंकको १०% रकम छुट दिइनेछ।

२२. कबोल अंकको हुन आउने १३% भ्याट रकम सम्झौता अगावै अन्तरिक राजश्वको कार्यालायमा दाखिला गरेको सक्कलै बैंक भौचर/कागजात/प्रमाण पेश गर्नु पर्नेछ।

२३. एकमुष्ट ठेक्का रकम सम्झौता अगावै नबुझाई सम्झौता गर्ने भएमा कुल कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम सम्झौता अगावै यस कार्यालयमा बुझाएको हुनुपर्ने र बाँकी ६० प्रतिशत रकमको हकमा मिति २०८२ फाल्गुन ससान्त सम्म समयावधी भएको मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत पेश गर्नु पर्नेछ र सो ६० प्रतिशत बराबरको रकम २०८२ माघ मसान्त भित्र बुझाई सक्नु पर्नेछ।

२४. ठेक्का सम्झौताकर्ताले पेश गरेको बैंक जमानत बमोजिमको ६०% रकम २०८२ माघ मसान्त सम्ममा यस कार्यालयमा नबुझाएमा निज ठेकदार संग ठेक्का तोडि विना सूचना बैक जमानत जफत समेत गरी असुल उपर गरिनेछ।

२५. ठेक्का सम्झौता गर्ने व्यक्ति, फर्म वा कम्पनीको धरौटी रकम ठेक्का रकममा मिलान गरिने छैन।

२६. बन्द हड्ताल, भुकम्प, बाढी पहिरो जस्ता प्राकृतिक र मानवीय विपद्का कारण सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति, फर्म र कम्पनीले छुट माग गरेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईनेछैन।

२७. एउटा व्यक्ति वा फर्म वा कम्पनीले खरिद गरेको बोलपत्र अर्को व्यक्ति वा फर्म वा कम्पनीले प्रयोग गर्न पाउने छैन।

२८. यो सूचनामा उल्लेख भएका बिषयहरु यसै सूचना बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित ऐन, कानुन तथा सुन्दरहरैंचा नगरपालिकाले गरेको निर्णय तथा सम्झौतामा भएका शर्त बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

दिनेश कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

# सुन्दरहरैँचा नगरपालिका
## SUNDARHARAINCHA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
### Office of Municipal Executive
विराटचौक, मोरङ
Biratchowk, Morang
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

**कार्यक्रमको नामः जडिवुटी,जीवजन्तु र कवाडी कर संकलन गर्ने ।**
**ठेगानाः सुन्दरहरैँचा नगरपालिका**
**आ.व. ०८२/८३**
**ठेक्का संकेत नं. राजश्व ०२/०८२/८३**

जडिवुटी,जीवजन्तु र कवाडी कर संकलन गर्ने ठेक्काको वोलपत्र फाराम ।

| क्र.सं. | विवरण | कवोल अंक मु.अ.क. सहित | | कैफियत |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | |
| १.१. | नगरपालिका क्षेत्र भित्र नगरपालिकाको स्वामित्वमा रहेका क्षेत्रबाट जडिवुटी,जीवजन्तु र कवाडी कर संकलन गर्ने । | | | |
| कुल जम्मा कवोल रकम | | | | |

नोटः
१.सूचनाको शर्त तथा प्रचलित कानुनको अधिनमा रही ठेक्का संचालन हुनेछ ।
२.कबोल अंक (भ्याट बाहेकको) रकमको ५ प्रतिशतमा घट्ने गरी धरौटी राखिएको बोलपत्रलाई स्वीकार गरीने छैन ।
३.सम्झौता गर्न आउँदा नगरपालिकाले तोकेको बैकमा कबोल अंकको रकम जम्मा गरेको भौचर वा नगरपालिकाको राजश्व शाखामा रकम जम्मा गरेको रसिद नभएमा स्वीकृत बोलपत्रदाता संग सम्झौता गरिने छैन ।
४.अन्य कुराहरुको हकमा सूचनामा उल्लेख गरे बमोजिम हुनेछ ।
५.विद्युतीय माध्यमबाट वोलपत्र पेश गर्न चाहने व्यक्ती वा फर्मले यो बोलपत्र फारम भरी www.bolpatra.gov.np मा अपलोड गर्नु पर्नेछ । HARD COPY को माध्यमबाट वोलपत्र पेश गर्न चाहने [illegible] वा फर्मले रितपुर्वक वोलपत्र भरि कार्यालयमा पेश गर्नुपर्नेछ ।

कबोलकर्ता व्यक्ति/फर्म/कम्पनीको नामः-
मोवाईल नम्बरः-
ईमेल ठेगानाः-
हस्ताक्षरः-

पेश गर्ने फर्म/कम्पनीको छाप